# पाणिनि गाउँपालिका

## गाउँसभा बैठकमा

## गाउँपालिका अध्यक्ष श्री टेकराज न्यौपानेज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

पाणिनि गाउँपालिका

दुर्गाफाँट, अर्घाखाँची

८ आषाढ २०८२

## *"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि हाम्रो अभियान"*

पाणिनि गाउँपालिका गाउँसभा उपाध्यक्षज्यू, सदस्यज्यू, सचिवज्यू लगायत राष्ट्रसेवक कर्मचारीहरू, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू, पाणिनि गाउँपालिकाको गाउँ सभाध्यक्षको हैसियतले यस गरिमामय गाउँ सभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यो अवसर प्रदान गर्नुहुने पाणिनिवासी सम्पूर्ण महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

मुलुकको रूपान्तरणका लागि भएका विभिन्न राजनीतिक आन्दोलन र नागरिक संघर्षका क्रममा सहादत प्राप्त गर्नु भएका प्रात: स्मरणीय सम्पूर्ण ज्ञात–अज्ञात वीर सहिदहरूलाई उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । त्याग, तपस्या र बलिदानको गौरवपूर्ण इतिहास बोकेका ती महान् सहिदका परिवार तथा आफन्तजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु । लोकतान्त्रिक आन्दोलनमा सहभागी भइ घाइते, अपाङ्ग तथा वेपत्ता योद्धाहरूको योगदान र अग्रज नेताहरूको मार्गदर्शक भूमिका सधैँ स्मरणीय र प्रेरणादायी रहनेछ ।

गाउँपालिकाको नीति तथा कार्यक्रम नेपालको संविधान, प्रचलित कानूनहरू, नेपाल सरकार तथा प्रदेश सरकारका नीति मार्गदर्शन, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण तथा गाउँपालिकाको आवधिक योजनाका आधारमा तर्जुमा गरिएको हो । यी नीतिहरू दिगो, समावेशी, उत्तरदायी र जनमुखी विकासको दिशामा अघि बढ्ने आधारशीला हुन् ।

सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र नागरिकमैत्री बनाउन सूचना तथा प्रविधिको अधिकतम् उपयोग गरिएको छ । स्मार्ट गभर्भनेन्स(Smart Governance), विद्युतीय

अभिलेख व्यवस्थापन, विद्युतीय बिलिङ्ग प्रणाली, बैंकिङ्ग माध्यमबाट सामाजिक सुरक्षा भुक्तानी र कर्मचारीको अनुशासन तथा समयपालनाका लागि विद्युतीय हाजिरी प्रणाली जस्ता अभ्यासले प्रशासनिक कार्यशैलीमा नवीनता र विश्वसनीयता थपेको छ।

सेवाप्रवाहलाई अझ प्रभावकारी र नागरिकको पहुँचमैत्री बनाउन कार्यपालिका भित्र समय–समयमा नीतिगत छलफल, समीक्षात्मक बैठक तथा आवश्यक निर्देशनमार्फत सुधारका पहलहरू भइरहेको छन् । विकास निर्माणका कार्यहरूमा सन्तुलित दृष्टिकोण अवलम्बन गर्दै आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण, विपद् व्यवस्थापन तथा सुशासन र संस्थागत सुदृढीकरणलाई विशेष प्राथमिकतामा राखी योजनाहरू कार्यान्वयन गरिँदै आएको छ।

गाउँपालिकाले स्थानीय सरकारको हैसियतले स्थापनाकाल देखिसंविधान प्रदत्त अधिकारको प्रयोग गर्दै गाउँसभा र कार्यपालिकाबाट हालसम्म २९ वटा ऐन, ५१ वटा कार्यविधि, १३ वटा निर्देशिका, नियमावली, मापदण्डसहित ९३ वटा स्थानीय कानून तर्जुमा गरिसकेको छ । कम जनशक्तिका बाबजुद पनि सेवा प्रवाह र विकासका गतिविधिहरू प्रभावकारी रूपमा अगाडि बढाइएको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदन अनुसार गाउँपालिकाको आ.व. २०८०/८१ को बेरुजु लेखापरीक्षण भएको अङ्कको ०.११ प्रतिशत मात्र रहेको छ। यसरी पाणिनि गाउँपालिका लुम्बिनी प्रदेशका सबै पालिका मध्ये कम बेरुजु आउने पालिकाको रूपमा स्थापित हुन सफल भएको छ। त्यस्तै, २०८०/८१ मा स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (लिजा) मा गाउँपालिकाले ८२.५ अङ्क हासिल गरेको छ। **"संस्कृत व्याकरणका पिता पाणिनि ऋषिको पहिचान, तपोभूमिको विकास र व्यापकता सम्मेलनको अभियान"** भन्ने मूल नाराका साथ ऐतिहासिक**"पाणिनि तपोभूमि सम्मेलन – २०८१"** भब्यताका साथ सु-

सम्पन्न गरिएको छ । पाणिनी क्षेत्रका पर्यटकीय गन्तब्यहरूको व्यवस्थित विकास गर्ने सोचले पाणिनि तपोभूमि, कालिकाठी लेक, दुर्वाश्वेर गुफा, सिद्वेश्वर गुफा तथा तपोभूमि हुँदै सुपा देउरालीसम्मको पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएको छ।

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान आवश्यकता भन्दा कम रहेको र गाउँपालिकाको आन्तरिक आम्दानी न्यून भएको अवस्थामा सबै क्षेत्रको सन्तुलन कायम गर्न पाणिनिवासीको आवश्यकतानुसार प्राथमिकता निर्धारण गरी उपलब्ध साधन स्रोतको अधिकतम् उपयोग गर्दै क्रमिक रूपमा विकासलाई अघि बढाउने नीति अपनाइनेछ ।

आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान बहुआयमिक गरिबी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै नेपाल सरकारले लिएको "**समृद्ध नेपाल, सुखी नेपाली**" र प्रदेश सरकारले लिएको **"समृद्ध लुम्बिनी: खुसी नागरिक"** को दीर्घकालीन सोचलाई सार्थक बनाउन तथा स्थानीय सरकारको तर्फबाट समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न **"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि निर्माण हाम्रो अभियान"** को लक्ष्य तथा दीर्घकालिन सोचसहित आ.व २०८२/०८३ को गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु ।

**सभाका सदस्यज्यूहरू,**

१. गाउँपालिकाको प्राकृतिक, भौगोलिक तथा जलवायु अनुकूलतालाई दृष्टिगत गर्दै राष्ट्रिय फल सुन्तला लगायत अन्य फलफूलहरूको व्यावसायिक उत्पादन, संरक्षण, बजारीकरण एवं कृषकको आय अभिवृद्धिका लागि फलफूलसम्बन्धी दिगो खेतीलाई प्राथमिकता दिइनेछ ।

२. गाउँपालिका भित्र उत्पादित कृषिजन्य वस्तुको उचित व्यवस्थापन, भण्डारण एवं बजारीकरणको लागि उत्पादित वस्तुको बिक्री सुनिश्चितता प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

३. **"युवाको सीप, पाणिनिको जीत"** भन्ने नाराका साथ कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिनेछ।

४. दुग्धजन्य पदार्थको विविधीकरणका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै लगिनेछ। दुग्ध कृषक समूह, सहकारीलाई आवश्यक पर्ने औजार, उपकरण लगायतका प्रविधि हस्तान्तरणमा लागत साझेदारीसहित अनुदानको व्यवस्था मिलाइनेछ।

५. कृषि क्षेत्रमा टड्कारो समस्याका रूपमा रहेका बाँदर, बँदेल लगायतका जङ्गली जनावरहरूले पुऱ्याउने क्षतिको न्यूनीकरण गर्न गाउँपालिकाले जैविक, भौतिक र प्रविधिमैत्री रोकथाम उपायहरू अपनाइ समुदायमा आधारित निगरानी टोली गठन गर्ने, क्षतिपूर्तिको व्यवस्था मिलाउने तथा सम्बन्धित निकायसँगको समन्वयमा दीर्घकालीन नियन्त्रण नीति अबलम्बन गरिनेछ।

६. गोठेमोल उत्पादनमा वृद्धि एवं बाझो जग्गाको खनजोत गर्न सहजीकरणको लागि गोरु पालक किसानहरूलाई सम्मान एवं प्रोत्साहन गर्ने नीति लिइनेछ। साथै राँगा पालक कृषकहरूलाई प्रोत्साहन गरिनेछ।

७. पशुमा कृत्रिम गर्भाधान कार्यक्रम र पशुमा लाग्ने सङ्क्रामक रोग नियन्त्रण गर्न पशु खोप कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । पशुपन्छीको औषधी उपचारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८. सङ्घीय सरकार तथा गाउँपालिकाको साझेदारीमा **"एक गाउँ, एक कृषि/पशु सेवा प्राविधिक (OVOT)"**लाई निरन्तरता दिँदै दर्तावाला फर्मको सूचीकृत गरी दर्ता गरेका फर्ममा **"डोर टु डोर भिजिट (Door to Door Visit)"** गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

९. कृषि तथा पशुजन्य उत्पादन र प्रविधिको प्रवर्धन गर्दै कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकको क्षमता अभिवृद्धिको लागि प्रविधिमैत्री तालिमको व्यवस्था मिलाइनेछ।

१०. **"बाँझो जमिनमा कृषकको जोत, समृद्ध गाउँको दिगो स्रोत"** भन्ने सोचका साथ **बाँझो खेतीयोग्य जग्गा बैङ्क** स्थापना गरी तोकिएको अवधिका लागि कृषक, कृषक समूह वा फर्मलाई कृषि तथा पशुपालन गर्न लिजमा बाँझो खेतीयोग्य जग्गा दिन सकिने व्यवस्था गरिनेछ । साथै बाँझो जग्गामा श्रम शक्ति परिचालन कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै कृषि वन तथा रैथाने बालीको उत्पादन एवं संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

११. माटोको दीर्घकालीन उर्वराशक्ति वृद्धि तथा स्वास्थवर्द्धक खाद्य उत्पादनका लागि जैविक खेती प्रवर्धन गरी किसान समूहमार्फत जैविक मल उत्पादनमा प्रोत्साहन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१२. प्रदेश सरकारको सहयोगमा पाणिनि गाउँपालिकाको लागि खोरेत रोग मुक्त बनाउने अभियानमा पालिकाका जनशक्ति परिचालन गर्दै छिट्टै लक्ष्यमा पुग्ने मार्गमा अगाडि बढिनेछ। साथै गोठ सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१३. नेपालका महत्त्वपूर्ण पर्यटकीय गन्तब्यस्थल मध्येको सय गन्तब्य भित्र समावेश पाणिनि तपोभूमिको विस्तृत गुरुयोजना अनुसार विकास, संरक्षण, प्रचार प्रसार र

भौतिक पूर्वाधार निर्माण लगायतका कार्यहरूनेपाल सरकार, प्रदेश सरकारको सहयोग एवं सहकार्यमा सञ्चालन गरिनेछ।

१४. पर्यटनको प्रचुर सम्भावनायुक्त गाउँपालिकाका अन्य क्षेत्रहरू दुर्वासेश्वर गुफा, धातिवाङ्गको सिद्धेश्वर गुफा, कालिकाठी, शक्तीपिठहरु मालिका भगवती खिदिम, आलमदेवी, मालिका भगवती अड्गुरी, गुम्बा, मस्जिद् लगायतका क्षेत्रको पूर्वाधार विकास गरी धार्मिक पर्यटन प्रवर्धनमा जोड दिइनेछ।

१५. **"पाहुनाको सत्कार, सरसफाइ र सेवा हाम्रो संस्कार"**भन्ने आदर्श वाक्यका साथसबै होटल व्यवसायहरूलाई सरसफाई र उचित व्यवस्थापनसहितको अतिथि सत्कारको प्रबन्ध गर्न आग्रह गर्दै निजी क्षेत्रको समन्वय र सहयोगमा उचित व्यवस्थापन तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६. पाणिनि तपोभूमिलाई राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा विकास गर्दै **'एक वडा, एक पर्यटन गन्तव्य'** नीतिअनुसार मगर संस्कृति उजागर गर्ने होमस्टे सञ्चालन तथा पूर्वाधार विकास गरिनेछ।

१७. पर्यटन पूर्वाधारको संरक्षण, सम्बर्द्धन र प्रवर्धनका लागि स्रोत व्यवस्थापन गरिनेछ। सार्वजनिक–निजी साझेदारीमा सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ।

१८. सहकारी संस्थाहरूको सुदृढीकरणका लागि पारदर्शिता, सुशासन र दिगोपनमा आधारित अनुगमन, क्षमता अभिवृद्धि तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. स्थानीय उत्पादन, स्वरोजगार र उद्यम प्रवर्धनमा सहकारीहरूको भूमिकालाई विस्तार गरी प्रभावकारी बनाइनेछ।

२०. **"पाणिनि गाउँपालिकाको आधार, लघु उद्यममार्फत रोजगार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय स्रोत र साधनको परिचालन गरी लघु उद्यममार्फत मेड मोडेल ( MED MODEL) मा आधारित उद्यमशीलता विकास गरिनेछ। साथै साझेदारी गर्ने वडाका कार्यक्रमलाई प्राथामिकता दिइ कार्यान्वयन गरिनेछ।

२१. उद्योग तथा व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित प्रणाली प्रयोगमा ल्याइनेछ । उद्योग, व्यापार, व्यवसायको स्थापना, सञ्चालन र विस्तारमा गाउँपालिकाले सहयोगी वातावरण सिर्जना गर्ने छ ।

२२. करछली गर्ने र व्यवसाय दर्ता नगरी सञ्चालन गर्ने परिपाटीलाई अन्त्य गरिनेछ। कर तिर्ने समय, करका दर र जरिवाना सम्बन्धमा सबै वडामा अभिमुखीकरण कार्य सञ्चालन गरिनेछ।

२३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको सीप अनुभव र पूँजी अभिलेख गरी आवश्यक तालिम दिइ स्वरोजगार र सामूहिक उद्यममा जोडिने व्यवस्था गरिनेछ।

२४. वैदेशिक रोजगारीको सिलसिलामा ज्यान गुमाएका परिवारका महिला तथा आश्रित बालबालिकालाई विशेष आर्थिक सहयोग एवं सीपमूलक तालिम प्रदान गरिनेछ।

२५. रोजगार कार्यक्रममार्फत रोजगार सेवा केन्द्रमा सूचिकृत न्यूनतम् ८२ जना बेरोजगारहरूलाई गाउँपालिकाको समेत साझेदारीमा कम्तिमा १०० दिनको रोजगारीको अवसर प्रदान गरिनेछ। जसमा उत्पादनमूलक क्षेत्रमा काम लगाउन सबै वडाहरूबाट विशेष कार्यक्रम छनोट गरी कार्यान्वयन गर्ने नीति अबलम्वन गरिनेछ।

२६. **रोजगार संवाद मञ्च** सञ्चालन गरी रोजगारदातासँग सहकार्य विस्तार गरिनेछ । आन्तरिक रोजगार प्रवर्धनका कार्यक्रमसहित रोजगार रणनीति अद्यावधिक गरिनेछ ।

२७. सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय छनोटको मापदण्ड तय गरी प्रोत्साहन गर्ने कार्यलाइ व्यवस्थित गर्ने नीति लिइनेछ ।

२८. **"जहाँ विद्यार्थी, त्यहाँ विद्यालय"** भन्ने मान्यता अनुशरण गर्दै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने र **"थोरै विद्यालय, राम्रा विद्यालय"** निर्माणको नीति अवलम्वन गर्दै दरबन्दी पूरा भएका विद्यालयहरूलाई दिइदै आएको अनुदान सम्बन्धमा अध्ययन/पुनरावलोकन गरिनेछ ।

२९. **"सिकाइ र सिपसहितको शिक्षा, आजको आवश्यकता"** को मर्मानुरूप गाउँपालिकामा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्थागर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३०. **"पाणिनिलाई चिनौँ, पाणिनिलाई चिनाउ"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी हाम्रो पाणिनि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पाणिनि ऋषिले सूत्राधार गरेका संस्कृत व्याकरणका सूत्रहरूलाई समेट्दै सोको पठनपाठन गर्ने र स्थानीय विषयको पाठ्यपुस्तक नि:शुल्करूपमा वितरण गर्नेगरी पठनपाठनमा सहजता ल्याइनेछ ।

३१. **विद्यार्थीलाई मूल्याकङ्न अभिलेख योजना, शिक्षकलाई दैनिक पाठयोजना** तयारीसम्बन्धी पुस्तिका प्रदान गर्दै नियमित शिक्षण सिकाइ कार्यलाइ व्यवस्थित गर्ने नीति लिइनेछ ।

३२. शिक्षक, कर्मचारी छनौटको कार्यलाई छिटो छरितो, वैज्ञानिक र सहज बनाउनको लागि एकीकृत विज्ञापन प्रणाली अवलम्बन गरी विद्यालयमा शिक्षक सहज व्यस्थापनको नीति लिदै गाउँपालिकाबाट विषयगत रोष्टर शिक्षक तयार गरी शिक्षणमा प्राविधिक विज्ञ सेवासहितको अनुगमन सुपरीवेक्षणको नीति अवलम्बन गरिनेछ।

३३. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. विद्यार्थीहरूमा लुकेर रहेका अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलाप अन्तर्गत **प्रतिभाको खोजी, चिनारी तथा प्रचार प्रसार** एवम् विभिन्न रनिङ्गशिल्डका कार्यक्रमहरूलाई निरन्तरता प्रदान गरिनेछ।

३५. विद्यालयका प्रशासनिक कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गर्न एक विद्यालय, एक कम्प्युटर प्रशिक्षक र"**सूचना प्रविधिमा आधारित शिक्षामा जोड, कक्षा कोठामा डिजिटल स्मार्ट वोर्ड"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी माध्यमिक विद्यालयमा क्रमश: डिजिटल बोर्ड व्यवस्थापनको कार्यक्रम ल्याइनेछ । साथै आवश्यकताको आधारमा एक विद्यालय एक ल्यापटप नीति अवलम्बन गरिनेछ।

३६. कलिला मष्तिष्कसहितका बाल बालिकालाई **विद्यालयमा जाउँ जाउँ** भन्ने भावना विकास गर्न वडाका प्रत्येक  विद्यालयमा क्रमश सुविधा सम्पन्न बालकक्षा व्यवस्थापन कार्यक्रमको प्रबन्ध मिलाइनेछ।

३७. गणित, विज्ञान, अङ्ग्रेजी विषयको नतिजा सुधारको लागि अतिरिक्त कक्षा व्यवस्थापन गर्ने, गणित विषयमा **जियोजेब्रा(GeoGebra), म्याथ म्याटिका (Mathematica)**जस्ता सफ्टवेयर प्रयोगको व्यवस्था मिलाइ विद्यालयमा **म्याथ ल्याब(Math's Lab)**व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ।

३८. **कम मूल्यपर्ने तथा मूल्य नै नपर्ने** शैक्षिक सामग्री विकासको लागि आवश्यक प्रोत्साहन गर्दै शिक्षणमा नवप्रवर्तनलाई आत्मसात गर्ने, विद्यार्थीमा**सुपर लर्निङ्ग एण्ड मेमरी टेक्निक विधि**को माध्यमबाट दिगो सिकाइका लागि आवश्यक पहल गरिनेछ।

३९. खेलकूदलाई स्वास्थ्य र मनोरञ्जनसँग आबद्ध गर्दै निरन्तर रूपमा फरक फरक स्थानहरूमा वडास्तरीय भलिबल, क्रिकेट लगायत अन्य खेलहरूको विकास र सहभागिता प्रर्वद्धन हुने क्रियाकलापहरू सञ्चालन गरिनेछ।

४०. **"पाणिनि गाउँपालिका भलिबलको हव, खेलाडी प्रोत्साहनका लागि अध्यक्ष कप"**भन्ने नाराका साथ अध्यक्ष कपरनिङ्ग शिल्ड प्रतियोगिता लगायत सबै खेलहरुलाई खेल सप्ताहकको रुपमा सञ्चालन गर्ने नीति लिईनेछ।

४१. नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन खोप सेवाको प्रभावकारी सञ्चालन गरी पूर्णखोप दिगोपना कायम गरिनेछ।

४२. कुपोषण अन्त्य गर्न किशोरी, गर्भवती महिला र सुत्केरीआमाहरूमा पोषण आवश्यकतालाई सम्बोधन गर्दै पोषणमैत्री स्थानीय शासनका कार्यक्रम सञ्चालन गरिनेछ।

४३. किशोर–किशोरीका यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना तथा किशोर किशोरीमैत्री कार्यक्रम सञ्चालन गरिनेछ।

४४. सुरक्षित मातृत्व र नवशिशु कार्यक्रम प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरिनेछ र ग्रामीण अल्ट्रासाउण्ड सेवा, घरमैँ स्वास्थ्य जाँचलगायतका सेवालाई निरन्तरता दिइनेछ।

४५. परिवार नियोजन सेवा सुदृढ गर्नको लागि पाँच प्रकारका गर्भनिरोधक विधिहरू तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत सबै स्वास्थ्य संस्थाबाट उपलब्ध गरिनेछ।

४६. मानसिक स्वास्थ्य प्रवर्धन, आत्महत्या न्यूनीकरण तथा नसर्ने रोगको स्क्रीनिङ्ग र महिला स्वास्थ्य स्वयम्सेविकालाई अभिमुखीकरण प्रदान गरिनेछ।

४७. स्वास्थ्यकर्मी तथासञ्चार माध्यमबाट  विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गरिनेछ ।सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा न्यूनीकरण गर्न नियमन एवं सचेतनाअभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४८. स्वास्थ्य सेवाको सहज पहुँचका लागि अस्पताल,स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइको आवश्यकतानुसार भौतिक पूर्वाधार निर्माण र उपकरण व्यवस्थापन गरिनेछ।

४९. आर्थिक रूपमा कमजोर व्यक्तिहरूका लागि **"असहाय स्वास्थ्य उपचार सहायता कोष"** सञ्चालन गरिनेछ र स्वास्थ्य क्षेत्रको तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई बलियो बनाइनेछ।

५०. राष्ट्रिय महिला स्वास्थ्य स्वयम्सेवा कार्यक्रमलाई प्रभावकारी गराउन प्रोत्साहन सुविधाहरूलाई निरन्तरता दिइनेछ।

५१. १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्नको अन्तिम चरणमा रहेकाले सम्पन्न पश्चात उक्त अस्पतालबाट तत्काल बर्थिङ सेवा रखोप आपूर्ति केन्द्र

सञ्चालन गरिनेछ ।साथै नेपाल सरकार र प्रदेश सरकारको सहयोग एवं समन्वयमा अस्पतालबाट थप सेवाहरू उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५२. जनताले पाउने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड मूल्याकङ्नले औल्याएका अपुग पूर्वाधार, जनशक्तिव्यवस्थापन, औजार उपकरण, सेवा प्रवाहसँग सम्बन्धित रिक्ततालाई क्रमश: सम्बोधन गरिनेछ ।

५३. मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउन समुदाय, विद्यालय र वडा स्तरमा अभिमुखीकरण तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

५४. नि:शुल्क उपलब्ध गराउन नेपाल सरकारले निर्धारण गरेका आधारभूत औषधीहरू निरन्तर उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ। साथै पालिकाले थप औषधी उपचारको समेत उचित प्रबन्ध मिलाउने नीति अबलम्बन गरिनेछ।

५५. पालिका भित्रका प्रसूतिसेवाको लागि बर्थिङ्ग सेन्टरसम्म ल्याउन/लैजानर बर्थिङ सेन्टरमा प्रसूति हुन नसकीस्वास्थ्य चौकीको सिफारिसमा आकस्मिक रिफरको केशमासमेत निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५६. पालिकाभित्र रहेको खिदिम आयुर्वेद औषधालयमा पञ्चकर्म सेवालाई विशिष्ट सेवाको रूपमा विकास गरिनेछ ।

५७. **"जीवनशैली तथा भान्सा सुधार, निरोगी जीवनको आधार"** नाराका साथ सक्रिय तथा शान्त जीवनशैलीका लागि योग ध्यान कार्यक्रमलाई क्रमश: वडा तथा टोलसम्म विस्तार गरिनेछ ।

५८. आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सिपमूलक, आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५९. पालिका तथा वडा कार्यालयबाट अनुत्पादक र वितरणमुखी एउटै प्रकृतिका कार्यक्रमहरू कम गर्दै लैजाने नीति अवलम्बन गरिनेछ । साथै पूर्व निर्धारित कार्यक्रमहरूबाहेक **आर्थिक वर्षका पछिल्ला जेठ र असार महिना**मा तालिम, गोष्ठी, सेमिनार, अभिमुखीकरण, भ्रमण जस्ता दीर्घकालीन विकासमा योगदान नगर्ने कार्यक्रमहरूको सञ्चालनलाई निरूत्साहित गरिनेछ।

६०. जातीय, लैङ्गिक, भाषिक, धार्मिक र यौनिक भेदभावको अन्त्यका लागि शून्य सहनशीलतानीति अवलम्बन गरिनेछ । सबै भाषिक र सांस्कृतिक विविधताको संरक्षण र प्रवर्धन गरिनेछ।

६१. **“तीनै तहका सरकारको सन्देश, जातीय भेदभावको पूर्ण बन्देज”** भन्ने नारालाई आत्मसात गर्दै जातीय भेदभाव उन्मुलनका लागि आवश्यक नीति लिइनेछ।

६२. अपाङ्गताको प्रकृति अनुरूप आय आर्जनको लागि तालिम तथा सहायक सामग्री वितरणको व्यवस्था मिलाइनेछ।

६३. न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रबन्ध मिलाइनेछ। घरेलु हिंसा अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरूलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

६४. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

६५. **"समृद्धिको लागि वन"** कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका सार्वजनिक क्षेत्रमा एक लाख बिरुवा रोप्ने लक्ष्यसहित सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहकार्यमा वृक्षारोपण गरिनेछ । नाङ्गो पाखा, सडक/नदी किनार, विद्यालय

परिसर, व्यक्तिगत जग्गामा डाले घाँस, फलफूल, जडीबुटी र काष्ठजन्य प्रजाति रोप्न प्रोत्साहन गर्दै रोपिएका विरूवाको संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

६६. सामुदायिक र निजी वनमा अग्नी रेखा तयार गरी डढेलो नियन्त्रण गरिनेछ । सामुदायिक वनलाई आय आर्जनसँग जोडेर कार्यक्रम सञ्चालन गरिनेछ। निजी वन दर्ता प्रोत्साहान गर्दै सोको प्रवर्धनका लागि लागत साझेदारीमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

६७. सामुदायिक तथा राष्ट्रिय वन व्यवस्थापनमा सरोकारवालासँग समन्वय गरिनेछ । योजना कार्यान्वयन अघि IEE/EIA अनिवार्य रूपमा लागू गरिनेछ। जलवायु अनुकूल दीर्घकालीन रणनीति निर्माणका लागि अध्ययन र छलफल गरिनेछ । कार्यक्रमहरू कार्यान्वयन तथा लाभको वितरणमा लक्षित समूहको समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।

६८. अन्तर सरकार समन्वय र सहकार्यमार्फत सहयोगी संस्था समेतको समन्वयमा विपद् जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्य योजना अनुसार विपद्को खोज उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन सामग्रीको सुनिश्चितता गरिनेछ ।

६९. विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद्\व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रूपमा विपद्को व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७०. पूर्वाधार विकासका क्रियाकलापहरू सञ्चालन गर्दा विपद्/जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।

७१. प्राकृतिक प्रकोप, मनसुनजन्य प्रकोप तथा अन्य प्रकोप तथा विपद्को न्यूनीकरण गर्नका लागि वडा कार्यालयहरूमा विपद् तथा प्रकोपको बखत् आवश्यक पर्ने विपद्का सामग्रीहरू खरिद गरी तत्काल उद्धार तथा राहत प्रदान गरिनेछ। विपद् पश्चात्को क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुनर्निर्माणका लागि बीमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिनेछ।

७२. माहामारी तथा विपद् व्यवस्थापनका लागि पालिका तथा वडा स्तरमा RRT (Rapid Response Team) लाई प्रभावकारी बनाइनेछ । साथै विपद् व्यवस्थापनका लागि आवश्यक पूर्व तयारीका तालिम, अभ्यास तथा कार्यहरूमा विशेष जोड दिदैँ समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूको सञ्चालन गरिनेछ।

७३. पाणिनि गाउँपालिकाको यातायात गुरूयोजना निर्माण गरी क्रमबद्ध रूपमा कार्यान्वयन अगाडि बढाइनेछ।

७४. गाउँपालिका केन्द्र, अस्पताल, वडा कार्यालय, विद्यालय तथा पर्यटन–धार्मिक स्थलहरूलाई जोड्ने सडकको पहुँच विस्तार, स्तरोन्नति तथा मर्मत सम्भारका कार्यहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

७५. सार्वजनिक सडकहरूको लगत कट्टा गर्दै सडकहरू व्यक्तिको नरहने प्रबन्ध मिलाइनेछ।

७६. आपतकालीन सवारी व्यवस्थापनका लागि **Panini Road Disaster Response Management System (PRDRMS)**प्रणाली विकास गरी कार्यविधि बनाई वेब तथा मोबाइल एपमार्फत नागरिकसम्म जोडिनेछ र एक **विपद् प्रतिकार्य टास्कफोर्स** गठन गरिनेछ।

७७. गाउँपालिकाले सञ्चालन गरेका समपूरक तथा विशेषतर्फका आयोजनाहरू नेपाल सरकार र प्रदेश सरकारको सहयोग, सहकार्य र मापदण्ड एवं निर्देशिका बमोजिम प्रभावकारी रूपमाकार्यान्वय गरिनेछ।

७८. पाणिनि गाउँपालिका भित्रका सम्पूर्ण खेतीयोग्य फाँटहरूमा सिँचाइ सुविधा विकास गर्दै नदी कटानबाट प्रभावित किसानको संरक्षणका लागि नदी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

७९. प्राविधिक जटिलताले **"एक घर, एक धारा कार्यक्रम"**ले समेट्न नसकेका घरधुरीहरूलाई तत्कालका लागि वैकल्पिक ब्यवस्थास्वरुप खानेपानी उपलब्ध गराइनेछ।

८०. **"फोहर छुट्याऔं, स्रोत बचाऔं, हरियो गाउँ बनाऔं"** सोचका साथ घरबाट निस्कने फोहरलाई उत्पादन स्थलमैँवर्गीकरण गरी **फोहोरलाई मोहोर बनाउने र सफा पालिका बनाउने** नीति अवलम्बन गरिनेछ।

८१. भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्याको समाधानका लागि भूमीहिनलाई कानून बमोजिम **जग्गा धनी दर्ता प्रमाण पूर्जा** वितरण गरिनेछ।

८२. गत वर्ष तयार गरिएको भू- उपयोग वर्गीकरणको आधारमा भूउपयोग क्षेत्र नक्सा तथा सोको विवरण तयार पारिनेछ।

८३. गाउँपालिकाभित्र क्रियाशील सञ्चारकर्मीको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, सञ्चार संस्थासँग सहकार्य गरी जनहितकारी सूचना सम्प्रेषण गर्दै निर्णय र सूचनामा सञ्चारको पहुँच बढाई खुला सरकारको नीति अपनाइनेछ ।

८४. गाउँपालिकाको नियमित गतिविधिहरू तथा सूचना प्रकाशनमा स्थानीय सञ्चारलाई प्राथमिकता दिइनेछ। साथै समग्र क्षेत्रको सेवा प्रवाह तथा गुणस्तर अनुगमन कार्यमा मिडियाहरूको समेत परिचालन गरिनेछ।

८५. सार्वजनिक कार्यक्रम, बजेट, योजना, निर्णय र सुशासन व्यवस्थापन सम्बन्धमा **"जनतासँग रेडियो तथा टेलिभिजन कार्यक्रम"** सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८६. गाउँपालिकाको दैनिक सेवा प्रवाह, विकास निर्माण, सुशासन व्यवस्थापन लगायत नागरिकका साझा हितका पक्षमा प्रभावकारी रूपमा सेवा सञ्चालन गर्न जनप्रतिनिधिहरू र कर्मचारीहरूबीच सुमधुर सम्बन्ध कायम गरिनेछ। साथै क्षमता विकासको माध्यमबाट अधिकार र कर्तव्यको बारेमा सिर्जनशीलता हासिल गर्दै लगिनेछ।

८७. जिम्मेवार, इमान्दार र उत्कृष्ट कर्मचारीलाई पुरस्कार एवं प्रोत्साहन गरिनेछ भने खराब आचरण गर्नेलाई कानुनी रूपमा सुधार र दण्ड गरिनेछ। साथै कर्मचारीहरूको नवीन सिकाइर वृत्ति सुधारका लागि आन्तरिक पर्यटन कार्यक्रम तथा पाणिनि गाउँपालिकामा कार्यरत अस्थायी, करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ।

८८. अन्तर शाखा, अन्तर निकाय, अन्तरतह समन्वयबाट सेवा प्रवाह, शासन सञ्चालन र विकास निर्माणलाई प्रभावकारी बनाउँदै सुशासन प्रवर्धन गरिनेछ।

८९. खरिद प्रक्रियालाई बढी भन्दा बढी पारदर्शी एवं प्रतिस्पर्धी बनाउन गाउँपालिकाले गर्ने निर्माण कार्य, मालसामान खरिद, परामर्श सेवा खरिद तथा अन्य सेवा खरिद गर्दा रू. १ लाख र सो भन्दा माथिका सबै खरिद प्रक्रिया सूचना प्रकाशन गरेर प्रतिस्पर्धागराई खरिद गर्ने व्यवस्था मिलाइनेछ । साथै परामर्श सेवा लगायत सबै खरिद प्रकियामा **रु. बीस हजार** भन्दा माथिको रकमको लागि मुल्य अभिवृद्धि कर प्रणालीमा आबद्ध भएकासँग मात्र खरिद गर्ने नीति लिइनेछ ।

९०. निर्माण कार्य गराउँदा र परामर्श सेवा लिँदा कार्यपालिकाले उचित ठानेको परिस्थितिमा बाहेक अन्य अवस्थामा चैत्र मसान्त पछि सम्झौता नगर्ने नीति अवलम्बन गरी समयमैँ कार्य सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

९१. सम्पूर्ण कर्मचारीहरूको क्षमता विकाससम्बन्धी तालिमहरूको व्यवस्था गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त तथा सेवाग्राहीमैत्री बनाउँदै सुशासनको प्रत्याभूति गराइनेछ ।

९२. कर्मचारीले सम्पादन गरेको कामको उचित मूल्याङ्कन गर्दै कार्य सम्पादनको आधारमा कर्मचारीहरूलाई प्रोत्साहन उपलब्ध गराइनेछ ।

९३. गाउँपालिकाका विषयगत समितिहरूलाई सक्रीय बनाउँदै विषयगत समितिको राय, सुझाव, सल्लाह अनुरूप गाउँपालिकाको निर्णय प्रक्रियालाई सहभागितामूलक बनाएनेछ ।

९४. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली अद्यावधिक गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्दै अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सो बाट देखिएका बेहोरा फछ्र्यौट गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ ।

९५. वित्तीय अनुशासन कायम गर्न अन्तिम लेखा परीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरूजु फछ्र्यौटको कानूनी व्यवस्था एवं लेखा समितिलाई प्रभावकारी बनाइ **शून्य बेरूजुको नीति** अबलम्बन गरिनेछ।

९६. कर प्रणालीलाई वैज्ञानिक बनाउदै क्रमशः प्रगतिशील कर प्रणाली लागू गरिनेछ । करको दायरा विस्तार गरी आम जनतालाई कर सचेतना अभिवृद्धि गरी **कर रहरको विषय** बनाइनेछ ।

९७. गाउँपालिकाभित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर लगायतको वस्तुको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउदै चोरी निकासीका गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि जिल्ला समन्वय समिति, नेपाल प्रहरीसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ ।

९८. अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलालाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

९९. **"हामीले तिरेको करः समृद्ध पाणिनिको आधार"** भन्ने नाराका साथ सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरिनेछ ।

१००. पाणिनि गाउँपालिका क्षेत्र भित्रका जग्गाहरूको वर्गीकरणलाई पुनर्मूल्याङ्कन गर्दै बजार क्षेत्रमा बन्ने नयाँ आर.सि.सि. (RCC) भवन निर्माणका लागि अनिवार्य रूपमा नक्सा पास गराउनु पर्ने व्यवस्था लागू गरिनेछ ।

१०१. विकास निर्माण र सेवा प्रवाहमा पाणिनिवासीको स्वामित्व, नेतृत्व र अपनत्व स्थापना गर्न विभिन्न लागत साझेदारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०२. गाउँपालिकाले योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लिखित योजना तर्जुमा तथा प्राथमिकीरणका आधारहरूलाई अनुशरण गरिनेछ।

१०३. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चितता गर्दै लैङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

१०४. सबै किसिमका व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न ग्रामीण क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूले समयमैँ बिना झन्झट बैङ्किङ् प्रणालीमार्फत प्राप्त गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीलाई विद्युतीय कारोबार प्रणाली (EFT) मा रूपान्तरण गरिएको र आर्थिक वर्ष २०८२/०८३ बाट समाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको जैविक पहिचानसहितको वायोमेट्रिक तथ्याङ्कमा आधारित रहेर वितरण प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ।

१०६. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न सेवा प्रदायक बैङ्कसँगको समन्वय र सहकार्यमा अशक्त, पूर्ण अपाङ्गता भएका तथा वृद्ध आमा बुबाहरूलाई

भत्ता लिन बैङ्क सम्म जानुपर्ने बाध्यता अन्त्य गर्दै घरदैलोबाट भत्ता प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ।

अन्त्यमा,

नेपाल सरकार तथा प्रदेश सरकारबाट अपेक्षित राजस्व प्राप्त नहुनु, आन्तरिक आम्दानी सीमित रहनुर त्यसले गर्दा राजस्व बाँडफाँड तथा वित्तीय समानीकरण अनुदानमा आएको कमीले दैनिक सेवा प्रवाह, विकास निर्माण र सुशासन व्यवस्थापनमा चुनौति उत्पन्न भएको वर्तमान परिवेशमा गाउँपालिकालाई सबल, सक्षम र आत्मनिर्भर बनाउने प्रयासमा सरोकारवाला सबै पक्षको सक्रीय, सहकार्ययुक्त र उत्तरदायी भूमिका अत्यन्तै महत्त्वपूर्ण रहनेमा म पूर्ण विश्वस्त छु।

यस गाउँपालिकाले दीर्घकालीन सोच, स्पष्ट उद्देश्य र यथार्थपरक प्राथमिकतासहित अघि सारेका नीतिहरू तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले स्थानीय विकास र समृद्धिमा उल्लेखनीय योगदान पुर्‍याउने विश्वास लिएको छु। सेवा प्रवाह, विकास निर्माण, सुशासनको प्रवर्धन तथा विपद् व्यवस्थापन लगायतका साझा चुनौतीहरूको सामना गर्न हामी सबै राजनीतिक दल, नागरिक समाज, राज्यका अङ्गहरू र समुदायएकताबद्ध भएर अघि बढ्न अपरिहार्य देखिन्छ।

नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रिया र सुझावमा सहकार्य प्रदान गर्नुहुने संघीय सरकार तथा प्रदेश सरकारका माननीयज्यूहरू, गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँसभा सचिवज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीज्यूहरू, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सञ्चारकर्मी, समाजसेवी, प्राध्यापक, शिक्षक, सुरक्षाकर्मी लगायत देश विदेशमा रहनु भएका सबै सम्मानित व्यक्तित्वहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**मिति: २०८२।०३।०८**

**धन्यवाद, जय पाणिनि !**

**टेकराज न्यौपाने**

**गाउँ सभा अध्यक्ष**

***